## सहमति भनेको के हो ?

## परिचय

समान अवसर समिति(ईओसी) संवैधानिक संस्था हो र यसले भेदभाव बिरुद्धको नियमलाई प्रबन्ध गर्ने काम गर्दछ । अवैधानिक भेदभाव क्रियाकलापबाट वा उत्पिडनबाट असन्तुष्ट व्यक्तिहरूलाई हङकङ्को भेदभाव बिरुद्धको कानुनले ईओसीमार्फत सहयोग लिनका लागि मद्दत पुर्याउँछ । ईओसीबाट व्यवस्थित गरिएको उजुरी प्रक्रियाबाट यो कार्य गरिन्छ ।

## उजुरी प्रणाली

उजुरी प्रणालीको उद्देश्य दुई पक्षबीच रहेको बिवादलाई समरुदारीबाट समाधान गर्नु हो । नियमअनुसार उजुरी बिच्छेद नहुने अवस्थासम्म समरुदारीमा ल्याउनका निम्ति अनुसन्धान गर्नु जरूरी हुन्छ ।

कुन अवस्थामा उजुरी बिच्छेद गर्न सकिन्छ भन्ने कुराको अवस्थाहरूबारेमा कानुनले बर्णन गर्दछ । कुनै पनि उजुरीलाई बिच्छेद गर्दा निकै सावधानीपूर्वक उजुरीकर्ता र जवाफदेही पक्षको अधिकारलाई ध्यानमा राखेर गरिन्छ ।

ईओसीले अनुसन्धान गर्दा र समस्याको निधान गर्न स्वतन्त्र र निष्पक्ष भूमिका निर्वाह गर्नु पर्दछ । ईओसीले उजुरीको कुनै पनि पक्षका निम्ति काम गर्दैन । तयस्तै गरी कुनै पनि उजुरीउपर फैसला गर्ने काम ईओसीको होइन र यो काम अदालतको हो ।

निधान सहमति को उद्देश्य भनेको बिभिन्न पक्षहरूलाई एकठाउँमा ल्याएर विवाद वा असमरुदारीलाई सुल्झाउने उपायको खोजी गर्नु हो ।
सहमति प्रक्रियाले दुबै पक्षलाई एउटा साझा सहमतिमा ल्याई विवादबाट मुक्त पार्ने कोशिस गर्दछ । सहमति प्रक्रियामा दुबै पक्षले आफ्नो बिचार राख्ने अवसर पाउने भएकाले दुबै पक्षले एकअर्काको अवस्थाको बारेमा राम्रोसँग बुझ्ने मौका प्राप्त गर्दछन् । जसले गर्दा व्यवहारगत परिवर्तनको अवसर प्राप्तिका निम्ति कुनै पनि पक्षका बारेमा रहेको गलत बुझाई, गलत मान्यता वा सूचनालाई हटाउने अवसर प्राप्त गर्दछन् । सहमति प्रक्रियामा भेला गरिएका सूचनाहरू गोप्य राखिन्छन् र अदालती कारबाहीका निम्ति पनि

उपलब्ध गराइदैन ।

सहमति पूर्णरूपमा नाफा विमुख कार्य हो । दुबै पक्ष समझदारीमा पुगेपछि ती दुई पक्षहरूले सहमतिमा हस्ताक्षर गर्दछन् जुन कानुनीरूपले बाधिएको हुन्छ ।
यो समझदारी बिभिन्न किसिमको हुन सक्दछ जस्तै: क्षमायाचना, नीति तथा कार्यहरूमा परिवर्तन, कार्य पद्दतीको समिक्षा, पुन: कथन, वित्तीय समायोजन इत्यादि ।

## कानुनी सहायता

यदि समझदारी प्रक्रिया सफल हुन नसकेमा उजुरी कानुनी सहायताका निम्ति ईओसीमा पेश गर्न सकिन्छ । सहायताका निम्ति गरिएका सबै निवेदनहरूमाथि ईओसीको कानुनी र उजुरी समितिबाट कारबाही गरिन्छ ।

## सहमतिका बारेमा

### सहमति के हो त ?

**सहमतिले बिभिन्न पक्षहरूलाई निम्न प्रक्रियाबाट समझदारीमा आउन मद्दत गर्दछ:**

--समस्याहरू पहिचान गर्ने र यथार्थ तथा अवस्थाहरूबारे जानकारी हासिल गर्ने
--समस्याका बारेमा छलफल गर्ने

--सबै पक्षहरूको आवश्यकता बुझ्ने

--आपसी समझदारीबाट स्विकार्य सम्झौता गर्ने

## सहमतिका फाइदाहरू के के हुन ?

--सहमति नि:शुल्क सेवा हो

--अदालती कारबाहीभन्दा छोटो समय खर्चेर पूरा गर्न सकिन्छ

--कुनै व्यक्तिलाई अनावश्यक मिडियामा ल्याउने कार्यबाट मुक्त छ

--अदालती कारबाहीभन्दा कम औपचारिक छ

--यो अव्यवसायिक कार्य हो

**मैले सहमतिको निम्ति अनुरोध गर्न सक्छु त ?**

--साधारणतया, ईओसीले एउटा अनुसन्धान प्रक्रिया अपनाउछ र सहमतिमा पुर्याउने वा बिच्छेद गर्ने भन्ने कुराको निर्णय गर्दछ ।

--आवश्यकताअनुसार, ईओसीले उजुरी प्रक्रिया चरणको प्रारम्भमा नै विवादलाई सहमतिमा ल्याउने प्रयत्न गर्दछ । प्रक्रियागत रूपमा भन्नु पर्दा यसलाई "प्रारम्भिक सहमति" का रुपमा बुझ्न सकिन्छ ।

--कुनै पनि पक्षले अनुसन्धानको अन्तिम अवस्थाभन्दा पहिले नै सहमतिमा आउने इच्छा प्रकट गरेमा ईओसीले अर्को पक्षको सहमति लिएर "प्रारम्भिक सहमति" को प्रयत्न गर्दछ ।

**म सहमतिमा कसरी जान सक्छु त ?**

--आफ्नो कुरा जाहेर गर्न तयार रहनुहोस् र तपाईंको समस्या र आवश्यकताका बारेमा वर्णन गर्नुहोस् ।

--अर्को पक्षको कुराहरू पनि सुन्नका लागि तयार हुनुहोस् ।

यस्तो प्रक्रियाका निम्ति आवश्यकताअनुसार साथी वा वकीललाई ल्याउन सक्नुहुन्छ तर यसका लागि हामीलाई यसको बारेमा पूर्वजानकारी गराउनुहोस् ताकी हामी अर्को पक्षको सहमति लिन सकौं ।

यदि अर्को पक्ष सहमत नभएमा तपाईंले साथी वा वकीललाई सहमति बैठकमा बोलाउन सक्नुहुन्न । यद्यपी, तपाईंले ल्याएको व्यक्ति अर्को कोठामा राख्न सक्नुहुन्छ जसले गर्दा आवश्यक परेमा तपाईं उसँग छलफल गर्न सक्नु हुनेछ ।

--तपाईंले अपेक्षा गरेका संभाव्य परिणामहरूलाई सहज रुपमा लिनुहोस्

--यी संभाव्य परिणामहरूमाथि छलफल गर्न तयार रहनुहोस्

## सहमति बैठकमा मैले के गर्नु पर्दछ ?

**तपाईंले निम्न तरिकाले सक्रिय सहभागिता जनाउनु पर्दछ:**

--तपाईंको मुद्दाका बारेमा स्पष्ट रूपमा वर्णन गरेर

--छलफल भइरहेको विषयमा स्पष्ट नभएमा प्रश्न गरेर

--अर्को पक्षको राय सुनेर

-

--विवाद समाधानका निम्ति विकल्पहरू प्रदान गरेर

--अन्ति सम्झौतासम्म पुग्नका निम्ति आवश्यक मद्दत गरेर

**सहमति अधिकारीहरूको को हुन् ?**

- ––ईओसीमा रहने सहमति अधिकारीहरू बिभिन्न किसिमका क्षेत्रबाट आएका व्यक्तित्वहरू हुन्
- ––तिनीहरूको तालिम नियमित रूपमा अद्यावधिक गरिएको हुन्छ
- ––तिनीहरू निष्पक्ष, स्वतन्त्र र पक्षपातविहिन हुन जरूरी हुन्छ

**सहमतिमा तिनीहरूले कस्तो भूमिका निर्वाह गर्दछन् ?**

तिनीहरूको भूमिका यस प्रकारको हुन्छ:

- ––सबैजनालाई समस्याको बारेमा वर्णन गर्ने अवसरको प्राप्त छ छैन त्यसको वातावरण सिर्जना गराउने
- ––अर्काले भनेको कुरा सुन्नका निम्ति सबै व्यक्तिलाई प्रोत्साहन गर्ने
- ––उपलब्ध सबै सूचनाहरू स्पष्ट र उपयोगी छन् भन्ने कुराको यकिन गर्ने
- ––प्रत्येकलाई मुद्दाको बारेमा छलफल गर्ने र समरुदारीका निम्ति काम गर्ने प्रोत्साहन गर्ने
- ––सबै व्यक्तिलाई निष्पक्षरूपमा व्यवहार गर्ने
- ––कुनै पनि पक्षको गोपनीयतामाथि सम्मान गर्ने

## तिनीहरूले मलाई कसरी मद्दत गर्दछन् ?

**निम्न तरिकाबाट मद्दत गर्दछन्:**

- ––विवादका कारणका रूपमा रहेका विषयहरूमा छलफल गर्ने सबै पक्षका यथार्थ जानकारीहरू साटासाट गराउने उद्देश्यले विकास गरिएका प्रश्नहरू सोधेर

--समाधानका निम्ति विकल्पहरू सिर्जना र परीक्षण गरेर

--सबै पक्षको इच्छाअनुसार समाधान सम्झौता विकास गरेर र परिणामलाई अभिलेख गरेर

**सहमतिकारले मैले भनेका सबै कुरालाई गोप्य राख्ला त ?**

हो, सहमति प्रक्रियामा जम्मा गरिएका र वर्णन गरिएका सबै कुराहरू गोप्य राखिन्छन् र ती कुरालाई अदालती प्रक्रियामा प्रयोग गरिदैन ।

**मैले समाधानका निम्ति कस्ता शर्तहरू आग्रह गर्न सक्छु त ?**

शर्तहरू विवादको प्रकृतिमा निर्भर गर्दछ । सामान्यत: उजुरीको अवस्था सिर्जना भएको अवस्थाको विपरित हुन सक्दछ । उदाहरणका लागि, यदि एक व्यक्तिलाई नोकरीबाट बरखास्त गरिएको छ भने उसले सोही काम पुन: गर्नु पाउने शर्त राख्न सक्दछ । त्यस्तै गरी कसैले गरेको वृति विकास वा स्थानान्तरण(सरूवा) को अनुरोध अस्विकार गरिएको छ भने त्यसको निम्ति शर्त राख्न सक्दछन् । यदि तालिम को प्रस्ताव अस्विकार गरिएको छ भने सहमतिको क्रममा त्यसलाई शर्तका रूपमा राखेर कुरा गर्न सकिन्छ ।

**अन्य संभाव्य शर्तहरू यस प्रकार हुन सक्दछन् :**

--क्षमायाचना पत्र

--समाव अवसर नीतिको प्रत्याभुती

--वित्तीय समाधान

--भौतिक पहुँचको निर्माण, इत्यादि ।

**सहमति सम्झौता कानुनीरूपमा बाधिएको हुन्छ त ?**

हो, सहमति दुई पक्षबीचको सम्झौता भएकाले यो कानुनी मान्यता प्राप्त हुन्छ ।

**सहमति सफल हुन नसकेको खण्डमा के हुन्छ ?**

सहमति सफल हुन नसकेमा, निवेदकले सार्वजनिक मुद्दा दायर गर्न कानुनी सहायताका निम्ति ईओसीमा निवेदन पेश गर्न सक्दछ ।
कानुनी सहायताको ग्यारेन्टी भने गरिदैन ।

निवेदकले उजुरी प्रक्रियाबाट पार गरेर सहमति हुन नसकेको प्रमाण सावित गर्न नसक्दासम्म ईओसीले कानुनी सहायताका निम्ति निवेदनमाथि कारबाही अगाडि बढाउन सक्दैन ।
त्यस किसिमका अवस्थाहरूमा कानुनी सहायता दिन उपयुक्त देखिएमा गर्न पनि

सक्दछ ।

कानुनबमोजिम निम्न अवस्थामा कानुनी सहायता प्रदान गरिन्छ:

--उक्त मुद्दाले विधिमाथि प्रश्नचिन्ह खडा गरेमा वा

--थप नगरिएको मुद्दालाई दरखास्तवालाले कारबाही अगाडि बढाउने अपेक्षाका लागि जवाफदेही यदि कारणविहिन भएमा

**मैले नागरिक कारबाही स्वतन्त्र रूपमा संस्थापन गर्न पाउछु ?**

असन्तुष्ट व्यक्तिले जन कारबाही स्वतन्त्र रूपमा गर्न पाउँछ ।

**कहाँबाट मद्दत लिन सकिन्छ ?**

तपाईंलाई ईओसीले सहयोग गर्नेछ । "डीडीओ र १" , " एसडीओ र १", " एफएसडीओ र १" जस्ता भेदभाव कानुनसम्बन्धी शैक्षिक सामग्रीहरू उपलब्ध छन् । त्यस्तै गरी यौनिक उत्पीडनमा "तपाईंका अधिकार थाहा पाउनुहोस्", गर्भधारण भेदभाव र अन्य सामग्री पनि उपलब्ध छन् ।

हामीलाई भेट्नका लागि: http://www.eoc.org.hk मा जानुहोस् ।

**पत्राचार गर्ने ठेगाना यसप्रकार रहेको छ:**


## Equal Opportunities Commission

19/F, Cityplaza Three
14 Taikoo Wan Road
Taikoo Shing, Hong Kong
Tel : 2511 8211
Fax : 2511 8142

Website: http://www.eoc.org.hk